# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, चैत १३ गते २०५४ साल (अतिरिक्ताङ्क ७२ (ख)

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले खण्ड ४७, संख्या ३०, मिति २०५४।७।२५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित जग्गा दर्ता सम्बन्धी समितिको कार्यावधि समाप्त भएको मितिले पुनः ३० दिन थप गरी उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गतको खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गरेको छ ।

" (ञ) फिल्डबुकको विरहमा धान, मकै आदि जनिएको तर जग्गा धनी र मोही महल खाली भएको वा अन्य व्यहोरा उल्लेख भई जग्गा दर्ताको लागि समितिमा निवेदन परी कारवाही हुँदा व्यक्तिकै भोग चलनको हो भन्ने यकिन हुन आएमा र कुनै विवाद नरहेको अवस्थामा त्यस्तो जग्गा समितिले दर्ता गर्न सक्नेछ ।"

आज्ञाले,

रेवतीरमण पोखरेल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

9605

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।